# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ४३

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल साउन २१ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री टेकबहादुर बस्नेत
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री तेजुलाल चौधरी
४. मा० श्री दिलेन्द्र प्रसाद बडू
५. मा० श्री दीपक प्रकाश भट्ट
६. मा० श्री दुलारी देवी खत्वेनी
७. मा० श्री देवप्रसाद गुरुङ
८. मा० श्री देवप्रसाद तिमलसेना
९. मा० श्री देवेन्द्र पौडेल
१०. मा० श्री ध्रुवकुमार शाही
११. मा० श्री नरमाया ढकाल
१२. मा० श्री नवराज सिलवाल
१३. मा० श्री नारायण प्रसाद खतिवडा
१४. मा० श्री नारायण प्रसाद मरासिनी
१५. मा० श्री पदम गिरी
१६. मा० श्री पद्मनारायण चौधरी (थारु)
१७. मा० श्री पार्वता डि.सी. (चौधरी)
१८. मा० श्री पार्वती कुमारी विशुन्के
१९. मा० श्री पुष्पा भुसाल (गौतम)
२०. मा० श्री पूर्ण कुमारी सुवेदी
२१. मा० श्री प्रमिला राई
२२. मा० श्री प्रमोद साह
२३. मा० श्री बालकृष्ण खांण

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री हृदयेश त्रिपाठी
२. मा० श्री मोहम्मद अफताब आलम
३. मा० श्री लक्ष्मणलाल कर्ण
४. मा० श्री प्रदीप यादव
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री प्रभु साह
७. मा० श्री उमा रेग्मी
८. मा० श्री रेनुका गुरुङ्ग
९. मा० श्री दुर्गा पौडेल
१०. मा० श्री शान्तिमाया तामाङ (पाखिन)
११. मा० श्री रंगमती शाही
१२. मा० श्री मोहन बानियां
१३. मा० श्री ज्ञानकुमारी छन्त्याल
१४. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
१५. मा० श्री सत्य पहाडी
१६. मा० श्री प्रदिप गिरी
१७. मा० श्री गजेन्द्र बहादुर महत
१८. मा० श्री घनश्याम खतिवडा
१९. मा० श्री रामेश्वर राय यादव
२०. मा० श्री बिरोध खतिवडा
२१. मा० श्री ईन्दु कुमारी शर्मा

यसैबीच मा० श्री विरोध खतिवडाले नयाँ शक्ति पार्टी र संघीय समाजवादी फोरमबीच पार्टी एकता भएपश्चात पनि मा० डा० बाबुराम भट्टराई पहिलेकै स्थानमा बस्नुभएकोले उहाँ बस्ने उपयुक्त स्थानको व्यवस्थापन होस् भन्नुभएपछि सम्माननीय सभामुखले निर्वाचन आयोगबाट उक्त दुई पार्टी एकीकरण भएको औपचारिक पत्र प्राप्त नभएकोले मा० सदस्य पुरानै स्थानमा बस्नु भएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभामा उत्पत्ति भएका “प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५” र “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५” का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले “मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" लाई अनुमति माग्ने प्रस्तावमाथि कुनैपनि विरोधको सूचना प्राप्त नभएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६" पेश गर्नुभयो ।

तत्पश्चात मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले "भूउपयोग विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भीमबहादुर रावल
२. मा० श्री सरिता गिरी
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री प्रमोद साह
५. मा० श्री पुष्पा भुसाल (गौतम)
६. मा० श्री प्रदिप गिरी
७. मा० श्री पद्मनारायण चौधरी
८. मा० श्री लक्ष्मि परियार
९. मा० श्री कृष्णभक्त पोखेल
१०. मा० श्री सञ्जय कुमार गौतम
११. मा० श्री भरत कुमार शाह
१२. मा० श्री उमा रेग्मी

तदुपरान्त मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "भूउपयोग विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएका संशोधनलाई स्वीकृत गरियोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल साउन २२ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी दिनको ३:४० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव